# वार्षिक समिक्षा

## २०८१/०८२

*परिवर्तन गा.पा.पुतलाचौर, रोल्पा*

# १ पृष्ठभूमि

६ वटा वडा रहेको यस परिवर्तन गाउँपालिका साविकका राङसी,कुरेली,इरिवाङ,पाछावाङ र राङकोट गा.वि.स.लाई मिलाएर वनाएको एक गाउँपालिका हो । हाल करीव पाच हजार घरधुरी संख्याको कुल जनसंख्या २८ हजार जति वसोवास रहेको पाइन्छ । यस गाउँपालिकाको कुल क्षेत्रफल १६३.०१ वर्ग कि.मि. रहेको छ परिवर्तन गाउँपालिकामा जातिय हिसाले मिश्रित वसोवास रहेको छ । विभिन्न जात जातिहरु सामाजिक सदभाव कायम रहेको देख्न र पाउन सकिन्छ । भौगालिक विकटता सहित वन तथा जैविक विविधताले धनी रहेको छ । ढाङढुङगाड र चुनवाङ खोला मुख्य पानी वग्ने ठुला खोला मानिन्छन । पुर्वमा थवाङ गा.पा.,पश्चिममा गंगादेव तथा माडी गा.पा.उत्तरमा पुर्वी रुकुम र दक्षिणमा रोल्पा न.पा.पर्दछ । हावापानी उष्ण,शमशितोष्ण शित तथा तापक्रम ३.६ देखि ३१.२ डिग्री सेल्सियस सम्म र वर्षा औसत १३.८८ देखि १८.३६ मिलि मिटर यस पालिकामा हुन्छ ।

## २. परिचय :

वर्षेनी विकास निर्माण कार्यको लागि संघ,प्रदेश र स्थानीय तहवाट विकास निर्माण शिर्षकमा वजेट विनियोजन क्रमिक रुपमा भई राख्ने र विकासका संरचनाहरु पनि निर्माण हुदै मानवीय आवश्यता परिपुर्ति हुदै गइरहेको छ । यस सन्दर्भमा यस आ.व.२०८१।८२ मा पनि संघ ,प्रदेश र स्थानीय तहवाट विभिन्न शिर्षकमा शर्शत तथा निर्शत रुपमा विकास निर्माण योजनामा वजेट विनियोजन भई कार्य सम्पन्न भएको अवस्थामा यस परिवर्तन गाउँपालिकाले १ वर्षको आम्दानी र खर्च सहितको समिक्षा कार्यक्रम सम्पन्न गरेका छौ । गाउँपालिकाको विभिन्न शाखा र वडावाट भए गरेका कार्यक्रम योजनाहरुलाई प्रतिवेदनमा उल्लेख गरी समिक्षात्मक गरियो । जसले कमि कमजोरीलाई सुधार गर्दै आगामी दिनको लागि मार्गदर्शन र सच्याउन पृष्ठपोषण दिनेछ ।

## २. उद्देश्यहरु

- वर्षभरी परिवर्तन गाउँपालिकाले गरेको कार्यक्रम तथा योजना कार्यन्वयन वारेमा जानकारी पाउने छन ।
- जवाफदेहि पारर्शितालाई कायम गर्नको लागि सार्वजनिकिकरण गर्न
- सेवा प्रवाह,कार्यक्रम तथा योजना कार्यन्वयनमा भएको कमि कमजोरीलाई सुधार गर्दै सेवा प्रवाहलाई चुष्टदुरुष्ट गराउन,

  **अव परिवर्तन गाउँपालिकाको आ.व.२०८१।०८२ को गाउँपालिका कार्यालय देखि वडा कार्यालयसम्म क्रमश प्रतिवेदन देहाय वमोजिम छन :**

# कुल बजेटः ४७,३०,१९,५६०।१३

## श्रोतगत बजेट निकासा र बाँकी रकम लाइ निम्नानुसार तालिकामा प्रस्तुत

# संघिय सरकार वाट प्राप्त अनुदान

| स्रोत | बार्षिक बजेट | कुल निकास | खर्च बजेट | बाँ |
|---|---|---|---|---|
| नेपाल सरकार समानिकरण अनुदान | ८,६०,००,०००।०० | ७,८९,१३,६००।०० | ६,९१,१२,१७१.९३ | ९८,०१ |
| नेपाल सरकार शशर्त अनुदान चालु | १९,२०,३८,०००।०० | १९,२०,२९,२५०।०० | १७,२३,२२,०७०.४२ | १,९७, |
| नेपाल सरकार शशर्त अनुदान पुजिगत | ३,७२,००,०००।०० | ३,७२,००,०००।०० | ३,१०,२६,१४९.३३ | ६१,७ |
| नेपाल सरकार समपुरक अनुदान पुजिगत | ६०,००,०००।०० | ६०,००,०००।०० | ४६,०१,२१३.९३ | १३,९ |

| | | | | |
|---|---|---|---|---|
| **कुल जम्मा** | ३२,१२,३८,०००।०० | ३१,४१,४२,८५०।०० | २७,७०,६१,६०५।६१ | ३,७०, |

## प्रदेश सरकार वाट प्राप्त अनुद

श्रोतगत बजेट निकासा र वाँकी रकम लाइ निम्नानुसार तालिकामा प्रस्तुत गि

| स्रोत | बार्षिक बजेट | कुल निकास | खर्च बजेट |
|---|---|---|---|
| प्रदेश सरकार समानिकरण अनुदान | ५५,३४,०००।०० | ५५,३४,०००।०० | ५०,८१,६४५।०० |
| प्रदेश सरकार शसर्त अनुदान पुजिगत | १०५,००,०००।०० | ८७,९९,२४८।०० | ८०,२५,३४४।३० |
| प्रदेश सरकार समपुरक अनुदान | ७०,००,०००।०० | ३५,००,०००।०० | ३१,२१,४३९।५५ |
| **कुल जम्मा** | **२,३०,३४,०००।००** | **१,७८,३३,२४८।००** | **१,६२,२८,४२८।८५** |

# राजश्व बाँडफाँड तथा आन्तरिक आम्दानी

श्रोतगत बजेट निकासा र बाँकी रकम लाइ निम्नानुसार तालिकामा

| स्रोत | बार्षिक बजेट | कुल निकास | खर्च बजेट |
|---|---|---|---|
| राजश्व बाँडफाँड संघिय सरकार | ९,४५,००,०००।०० | ८,५३,०३,५१३.११ | ७,११,५३,९९९।५४ |
| राजश्व बाँडफाँड प्रदेश सरकार | ३३,८९,०००।०० | ५३,०७,१५२.५६ | ७,८५,५३५.५४ |
| चालु आ ब आन्तरिक श्रोत अनुमान | ५४,११,०००।०० | ५७,८७,७९५।८६ | ४९,७३,८०२।०० |
| गत वर्ष बैङ्क मौज्दात | २,५४,४७,५६०।१३ | २,५४,४७,५६०।१३ | २,३०,२६,४६८.०६ |
| **कुल जम्मा** | **१२,८७,४७,५६०।१३** | **१२,१८,४६,०२१।६६** | **९,९९,३९,८०५** |

गाउँपालिका मा प्राप्त रकम लाइ संघिय सरकार, प्रदेश सरकार र परिवर्तन गाउ
उपशिर्षकमा श्रेष्ता राखी लेखाङ्कन कार्य गरिएको थियो जसलाइ एकमुष्ट रुपमा
।

| बजेट उपशिर्षक | कुल विनयोजन बजेट | जम्मा प्राप्त बजेट | कुल खर्च बजेट | निकासा को अनुपातमा खर्च प्रतिशत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| संघिय सरकार | २३,५२,३८,०००।०० | २३,५२,२९,२५०।०० | २०,७९,४९,४३३।६८ | ८८।४०% |
| प्रदेश सरकार | १,७५,००,०००।०० | १,२२,९९,२४८।०० | १,११,४६,७८३।८५ | ९०।६२% |
| परिवर्तन गाउँपालिका | २२,०२,८१,५६०।१३ | २०,६२,९३,६२१।६६ | १७,४१,३३,६२२।०७ | ८४।४१% |
| कुल जम्मा | ४७,३०,१९,५६०।१३ | ४५,३८,२२,११९।६६ | ३९,३२,२९,८३९।६० | ८६।६५% |

## परिवर्तन गाउँपालिका चालु र पुजिगत बजेट र खर्च

| खर्चको प्रकार | जम्मा बजेट | कुल खर्च बजेट | ख |
|---|---|---|---|
| चालु | ३३,४५,३३,७६४।१३ | २८,३१,०६,४१४।३८ | ८४।६ |
| पुजिगत | १३,८४,८५,७९६।०० | ११,०१,२३,४२५।२२ | ७९।५ |
| कुल जम्मा | ४७,३०,१९,५६०।१३ | ३९,३२,२९,८३९।६० | ८३।१ |

## गाउँपालिका अन्तरगत अन्तरसरकारी अख्तियारी वाट प्राप्त बजे

| बजेटको प्रकार | बार्षिक बजेट | जम्मा प्राप्त |
|---|---|---|
| सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | ११,४६,४५,०००।०० | ११,४३,५७,१४८।०० |
| स्थानिय पुर्वाधार सहयोग कार्यक्रम | १,९१,३६,०००।०० | १,६४,७०,२५२।७२ |

| | | |
|---|---|---|
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३८,८६,०००।०० | ३८,५१,५६८।७६ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ७,०८,०००।०० | ६,२४,११०।०० |
| एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | ३,०५,०१,०००।०० | ३,०४,६८,८०३।८४ |
| **कुल जम्मा** | १६,८८,७६,०००।०० | १६,५७,७१,८८३।३२ |

**१ नं.वडा कुरेली आ.व.२०८१।०८२को समिक्षा**

आ.व.२०८१।०८२ मा यस परिवर्तन गाउँपालिका १ नं.वडा कुरेलीले संचालन गरेका योजना तथा कार्याक्रमहरुको समिक्षा गर्दा यस वडाले चालेका सामाजिक अभियानका कार्यहरु गर्दा देखिएका प्रगति,चुनौती र आगामी वर्ष ०८१।०८२ मा हुने कार्याक्रम तथा योजनाहरुको कार्यन्वयन तथा प्रगति वारेमा केही वुदाहरु तल प्रस्तुत गरिएको छ ।

**यस वडाले समाज परिवर्तनका लागि चालेका विभिन्न अभियानहरुको प्रगति**

१. यस वडाले गत आ.व.मा पूर्णसरफाई सचेतिकरण सम्बन्धी एक दिने गोष्ठी यस वडामा रहेका टोल विकास समितिाका पदाधिकारीहरुलाई भेला गराई उक्त कार्याक्रम संचालन गरेको थियो जसबाट हामीले पूर्णसरफाई किन गर्नुपर्छ ? कसका लागि गर्ने भन्ने बारेमा छलफल गराई आफ्नो टोललाई कसरी सरसफाई उन्मूख बनाउने र पूर्णसरफाई उन्मूख बनाउन सरसफाईका बिभिन्न सुचकको बारेमा जानकारि गरिएको थियो ।



# परिवर्तन १ कुरेलीको वार्षिक समिक्षा कार्यक्रम २०८१

## बालबिबाह न्युनिकरन सम्बर्नधि अभिमुखिकरन कार्यक्रम २०८१।०८२

२ २०८२ जेष्ठ १३ गतेको दिन प्रमुख अतिथि गा.पा .अध्यक्षको उपसतिथतिमा .बालविवाह न्युनिकरन कार्यक्रम सन्चालन गरियो । कार्यक्रममा २ वटा मा.बि . र १ आ.बि. बाट जम्मा छात्रा ,छात्र १२० जनाको उपसर्थितिमा बालबिबाह न्युनिकरन कार्यक्रम सन्चालन गरियो ।बालबिबाह गर्नाले पर्ने असरबारे अभिमुखीकरण गोष्ठी संचालन वाट सहभागीहरु सँग छलफल गरि यस वडालाई वालविवाह मुक्त वडा बनाउने प्रतिवद्धता गरिएको छ । उक्त प्रतिवद्धता लागु गर्न यस वडाले विभिन्न टोल बिधालय,तथा छिमेकीहरुमा वालविवाह न्युनिकरन सम्बर्नधि सचेतना फैलाउने किशोर किशोरी मैत्री कलास चलाउने बालबिबाह गर्दा विवाह दर्ता समेत नहुने र विवाह दर्ता नभएमा ति जोडीबाट जन्मेका बच्चहरुलाई समेत असर परि नेपाल सरकारले अहिले दिदै आएको बालपोषण भत्ता समेत पाउन बाट बञ्चित हुने भएकोले बालविवाह गर्नु हुन्न भन्नेबारेमा छात्र, छात्रालाई सचेत गराईयो । टोलविकास समितिका पदाधिकारीहरुलाई छलफल गराई उक्त कार्याक्रमलाई अझ प्रभावकारी साथ अघि बढाएको छ ,जसको प्रतिफल यस वडामा पहिले अतेरी गरेर,नबुझेर वालविवाह गर्ने जोडीको संख्या घट्‌दै गएर विस्तारै बालविवाह गर्दा फाईदा भन्दा शारिरिक,मानसिक ,शिक्षा,स्वास्थ्य पर्ने असरको महसुस यस वडाका आम जनसमुदायमा प्रभाव परेको छ जसले गर्दा यो अभियान आगामी वर्षमा झन तिब्रताको साथ अघि बढ्ने प्रतिबद्धता यस वडाले गरेको छ ।




जातिय छुवाछुट मुक्त घोषणा कार्यक्रम परिवर्तन १ कुरेली

जातिय छुवाछुत मुक्त घोषना कार्यक्रम २०८२ ।२।३०

यस परिबर्तन गाउँपालिका १ कुरेलीमा मिति२०८२।२।३० गतेको दिन प्रमुख अतिथि लुम्बिनि प्रदेश सभासद दिपेन्द्र पुनको प्रमुख आतिथि जिल्ला समन्वय उप प्रमुख ,पालिका प्रमुख । उप प्रमुख लगायतको उपस्थीतिमा सम्पनन गरियो । हरेक टोलटोलमा गरिएको डाटा संकलन अनुसार सबैबाट जातिय छुवाछुट नभएको रिपोट गरिएको थियो सम्बिधान र कानुनि रुपमा छुवाछुत मुक्त भईसकेको ब्यबहारिक रुपमा समेत अन्त्य भईसकेको जातिय छुवाछुत औपचारिक रुपमा अन्त्य भएको घोषना गरियो । यस कार्यक्रमलाई सफल बनाउनको लागि हरेक टोलबाट जनसहभागिता भएको थियो साथै बिभिन्न बिधालयका बिधार्थी शिक्षक आमा समुह सरोकारवाला आम नागरिकको उपर्सथिति रहेको जातिय छुवाछुत मुक्तघोषना कार्यक्रम गरियो ।यस कार्यक्रममा बिभिनन बकताहरुले समाज बिकाशको क्रममा जातिय भेदभाबको शुरुवात भएको र यसको अन्त्यको लागी आम नागरिकमा सचेतना फैलाउने र सबैजातजातिसंग समान ब्यभार गर्ने र कसैले जातिय भेदभाब गरेको पाईएमा कानुनि सजायको भगिदार हुनुपर्ने कानुनि प्रकिया भोग्नु पर्ने बिचार ब्यक्त गरिएको थियो

शिक्षकहरुका लागि १ दिने क्षमता अभिबृध्दी तथा नेतृत्व बिकास तालीम मिति २०८२ ।२।२२

आ.व.२०८१।०८२ मा यस परिवर्तन गाउँपालिका १ नं.वडा कुरेलीमा प्रमुख अतिथि गा.पा .पुर्ब उप प्रमुख हित कुमारि बुढा प्रमुख प्रशिक्षक लक्षमि प्रशाद आचार्य वडा अध्यक्ष ,वडा प्रतिनिधि ,बि.बि.स. अध्यक्ष , लगायत यस वडाका सम्पुर्ण शिक्षकहरुको उपर्सथितिमा कार्यक्रम सम्पन्न गरियो । कार्यक्रममा प्रशिक्षकले शिक्षकमा हुनु पर्ने शैक्षि गुन , अनुशासन ,शिक्षक बिधार्थि बिचको सिकाई र बुझाई बिचको महत्व ,शिक्षक अभिभाबक , ब्यबस्थापन समिति बिचको समन्वयको महत्वको बिषयमा प्रशिक्षण दिनुभयो ।

५.यस वडाले दलित तथा अपाङ्गहरुको क्षमता विकासका लागि एक दिने अभिमुखीकरण तालिमको व्यवस्था गरेको थियो जसमा यस वडा भित्र रहेका अति विपन्न दलित तथा अपाङ्गहरुलाई भेला बनाई उनीहरुको क्षमता विकास कसरी गर्न सकिन्छ भन्ने बारेमा छलफल भएको थियो आगामी आ.व.मा यसलाई अझ कसरी उनीहरुको सिप विकास गर्न सकिन्छ भन्ने बारेमा ठोस कार्य योजना बनाई अगाडी बढ्ने यस वडाले लक्ष्य राखेको छ ।

।

७.यस परिवर्तन गाउँपालिका १ नं. वडामा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना गा.पा. बाट बिनियोजित आलु पकेट क्षेत्र कार्याक्रम २ स्थानमा संचालन भएको, जसको कार्यक्रम संचालन गर्नको लागी प्रत्येक समुहबाट प्रतिनिधित्व हुने गरी पकेट संचालक समिति गठन भई व



८.आलु पकेट कार्यक्रम संचालन भए पश्चात संचालन भएका स्थानमा त्यहाँका कृषकहरुको आलु खेती प्रति चाँसो भएको छ । आगामी अर्को वर्ष देखि झन आलु खेतीको बिस्तार बढ्दै जाने संभावना देखिन्छ । यस्तै अन्य बालीहरुको पनि कार्यक्रमहरु संचालन गरे पश्चात अन्य बालीहरुको खेती बिस्तार बढ्दै जाने संभावना रहेको छ ।

९.कृषिमा आलु पकेट,लसुन पकेट तथा अन्य तरकारीहरु उत्पादनले गर्दा साच्चिकै यस वडाका कृषकहरु आर्थिक उन्नति तिर अघि बढि आफ्नो जिविका चलाउन सक्षम भएको देखिन्छ । जसले गर्दा यो आ.व.यसलाई अझ सशक्त रुपमा अघि बढाईने छ ।

१०.यस वडाले पशुका लागि वडाभरिका पशुपालन समूह ,कृषक समूह,व्यक्तिगत फर्म दर्ता र अन्य पशुपालन कृषकहरुलाई आन्तरिक तथा वाह्य परिजिवी विमद औषधी वितरण र विभिन्न खालका रोगहरुको रोकथाम गरि आयआर्जनमा आर्थिक वृद्धि भएको ।

## शहिद परिवार सम्मान कार्यक्रम २०८१ ।११।१ , १ नं वडा कुरेली



६.यस वडामा द्धन्द्ध अवस्थामा शहिद भएका व्यक्तिहरुका परिवारलाई यस वडा कार्यालयले एकदिने कार्याक्रम गरि प्रमाणपत्र तथा दोसल्लाह सहित सम्मान गरिएको थियो । उक्त कार्याक्रम बाट यस वडामा रहेका द्धन्द्ध प्रभावित १४ जना शहिद परिवारहरु उत्साहित भएका थिए

मिति २०८२। फालगुन १ गतेको दिन जनयुध्द दिबसको अबसरमा १नं वडा कुरेलमि कक्षा १ देखी ३ सम्मका बिधार्थिहरुलाई उपसथित गराई हाजिर जबाफ प्रतियोगिता कार्यकम सन्चालन गरिएको थियो ।



खरिबोट धानबारा ग्रामिन रोड अनुगमनको अवस्था



प्रा.बि.गोलखाडा तरान नबनिर्मित भबन आ.ब. २०८१।०८२। पालिका लगायतको अनुगमन टिम ।




कृषक समुहलाई हाते टेक्टर तथा तिमुर ,सटुवा ,देबदार ,पदमचाल  बितरन गरेको ।







१नं वडा घरेलु उघोग अबलोकन तथा सहयोग कार्यक्रम।उरिबर्तन गा.पा. लघुउधम शाखाबाट सामग्री बितरन कार्यक्रम ।

संघको बजेटबाट निर्मान सम्पन्न बगाउने खोला पुल कुरेली खरिबोट ।





आर.सि.सि बाटो अनुगमन

आ.ब. २०८१।८२ मा सामाजिक सुरक्षा भत्ता खाने लक्षित समुह अर्न्तगत उक्त आ.ब. मा अन्य जेष्ठ नागरिक ३०४ जना दलित जेष्ठ नागरिक ७ जना जेष्ठ नागरिक एकल महिला ३५ जना बिधुवा महिला ६० जना क्षेत्र तोकिएका बालबालिका ३१६ दलित बालबालिका १२जना अति अशक्त २६ जना पुर्ण अपाङ ३ जना  जम्मा ७६३ जनाले गएको आ.ब. मा भत्ता बुझिरहेका छन ।

तपसिल

| क.स. | लक्षित समुह | जम्मा संख्या | दर | पहिलो चौमासिक | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक | ३०४ | ४००० | | |
| २ | दलित जेष्ठ नागरिक | ७ | २६६० | | |
| ३ | एकल महिला | ३५ | २६६० | | |
| ४ | बिधुवा महिला | ६० | २६६० | | |
| ५ | क्षेत्र टोकिएको बालबालिका | ३१६ | ५३२ | | |
| ६ | दलित बालबालिका | १२ | ५३२ | | |
| ७ | अति अशक्त  अपांग | २६ | २१२८ | | |
| ८ | पुर्ण अपांग | ३ | ३९९० | | |
| | जम्मा | ७६३ | | | |

## आ.ब. २०८१।०८२ अबधि २०८१।०४।०१।देखि २०८२।३।३२ सम्म राजस्व शीर्षक अनुसार रकम संकलन

| क.स. | राजस्व स.केत | राजस्व शीर्षक | रकम | कैफिएत |
|---|---|---|---|---|
| १ | ११३१४ | भुमिकर्। मालपोत | २,६१,०१४.७१ | |
| २ | ११३२१ | बहाल कर | ६,०००.०० | |
| ३ | १४२१२ | सरकारी सम्पति बिक्रिबाट कर | ३,७१०.०० | |
| ४ | १४२२१ | न्यायिक दस्तुर | ५,०००.०० | |
| ५ | १४२४३ | सिफारिस दस्तुर | १,२७,२००.०० | |
| ६ | १४२४४ | ब्याक्तिगत घटना दर्ता दस्तुर | १,०७,३००.०० | |
| ७ | १४२४५ | नाता प्रमानित दस्तुर | ५२,६००.०० | |
| ८ | १४२४९ | अन्य दस्तुर | ८०,२८५.१३ | |
| | | कुल जम्मा | ६,४३,१०९.८४ | |

आ.ब. २०८१।०८२ मा यस परिवर्तन गाउँपालिका वडा नं.१ मा पुँजिगत तर्फ २७ लाख ३३ हजार ९ सय ७३ रुपिया ,चालुतर्फ ४ लाख ४० हजार ,गा.पा. बाट ८४ लाख ६३ हजार ९ सय ८८ रुपिया ,प्रदेश २ करोड १४ लाख ४६ हजार र संघबाट २ करोड ,प्रधानमन्त्री रोजगार कार्याक्रबाट १२ लाख ५४ हजार ६ सय, सुरक्षित नागरिक आवासमा ३ घर धुरीले जस्ता पाता वाफत रु २ लाख २५ हजार पाएका जमा रु ५ करोड ३०लाख ८३ हजार ९ सय ६१ रुपिया तपसिल अनुसार रहेकोले उक्त योजनाहरुको आय व्यय तपसिल अनुसार सार्वजनिक गरिएको छ ।

**तपसिल**

**पूर्वधार तर्फ**

| | योजना तथा कार्याक्रमको नाम | विनियोजित बजेट | खर्च भएको रकम | काम भएको | काम नभएको | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषिमा बिउबिजन तथा तालिम कार्यक्रम | ७५००० | | | | |
| २ | पशुपक्षिको बिभिन्न रोगको औषधि खरिद | ७५००० | | | | |
| ३ | कुरेली स्वास्थ्य चौकि ब्यबस्थापन | ३००००० | | | | |
| ४ | श्री जनकल्याण मा.वि.धानावारा भबन मर्मत तथा गेट निर्मान | १००००० | | | | |
| ५ | हरितातारा प्रा.बि . लिकेङ बिधालय कार्यालय ब्यबस्थापन | १००००० | | | | |
| ६ | प्रा.बि. फुलबारी चैतेलेक फिल्ड मर्मत ,म्याचिङ योजना | १००००० | | | | |
| ७ | बालबिकाश साराबाङ फिल्ड बिर्मान तथा घेरबार मचिङ | १००००० | | | | |
| ८ | हिमालय कैलास प्रा. बि .कुरेली बिधालय ,कार्यालय ब्यबस्थापन | १००००० | | | | |
| ९ | दाङबासा जैलिपोखरि खां पां पाईप खरि द | १००००० | | | | |
| १० | युनिटि युबाकलब कुरेली कार्यालय ब्यबस्थापन | १००००० | | | | |
| ११ | प्रहरी चौकि कुरेलीब्यबस्थापन | ५०००० | | | | |
| १२ | डालिम खोलाबाङ लिकेङ, पि.सि(.सि. गोरेटो बाटो निर्मान मचिङ | ३००००० | | | | |
| १३ | उपाबाङ डोमैडाडा पि.सि(.सि. गोरेटो बाटो निर्मान | २००००० | | | | |
| १४ | भुतखखोला जौलिपोखरा पि.सि(.सि. गोरेटो बाटो निर्मान मचिङ | १००००० | | | | |
| १५ | दर्पन गोरेटो बाटो निर्मान योजना | १००००० | | | | |
| १६ | तरान खोला सलेपपुल निर्मान म्याचिङ | १००००० | | | | |
| १७ | डालिम दलित टोल आमा समुह शैचालय तथा खा .**पा.** निर्मान म्याचिङ | १००००० | | | | |
| १८ | स्यामपु धानाबारा मोटर बाटो निर्मान योजना | २००००० | | | | |
| १९ | कुनाबारा पि.सि(.सि. गोरेटो बाटो निर्मान म्याचिङ | ५३९७३ | | | | |
| २० | बारहाले फिल्ड निर्मान म्याचिङ | ७०००० | | | | |
| २१ | वडा कार्यालय भबन छत मर्मत तथा ब्यबस्थापन | १३०००० | | | | |
| २२ | जातिय छुवाछुत अन्त्य घोषना कार्यक्रम | ५०००० | | | | |
| २३ | शहिद परिवार सम्मान कार्यक्रम | ३०००० | | | | |
| २४ | बालबिबाह न्युनिकरन सचेतनामुलक कार्यक्रम | ५०००० | | | | |
| २५ | पुर्ण सरसफाई उन्मुख सचेतनामुलक कार्यक्रम | ५०००० | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | चालु खर्च | ४४०००० | | | | |
| | जम्मा | ३१,७३,९७३ । | | | | |
| | | | | | | |
| | | | | | | |

आ.ब. ०८१।०८२ को प्रधानमन्त्री रोजगार कार्यक्रम

| क.स. | प्राथमिकताक्रम आयोजनाको नाम | बिनियोजित लागत रकम | शिर्षक | कै . |
|---|---|---|---|---|
| १ | हाईमखोला कुरेली गोरेटो बाटो निमार्न | ६६२०० | आई .डि. ए. बाट | |
| २ | शौचालय तथा खा.पा. निर्मान म्याचिङदालिम दलित टोल आमासमुह | ५४२०० | आई .डि. ए. बाट | |
| ३ | डालिम खोलाबाङ लिकेङ, पि.सि(.सि. गोरेटो बाटो निर्मान मचिङ | २८२००० | नोपाल सरकारबाट | |
| ४ | तरान खोला सलेपपुल निर्मान म्याचिङ | ९५००० | नोपाल सरकारबाट | |
| ५ | भुतखखोला जौलिपोखरा पि.सि(.सि. गोरेटो बाटो निर्मान | २२३००० | आई .डि. ए. बाट | |
| ६ | उपाबाङ डोमैडाडा पि.सि(.सि. गोरेटो बाटो निर्मान | ६०००० | नोपाल सरकारबाट | |
| ७ | प्रा.बि. फुलबारी चैतेलेक फिल्ड मर्मत ,म्याचिङ योजना | ३०००० | नोपाल सरकारबाट | |
| ८ | बालबिकाश साराबाङ फिल्ड बिर्मान तथा घेरबार म्याचिङ | १५००० | नोपाल सरकारबाट | |
| ९ | कुनाबारा पि.सि(.सि. गोरेटो बाटो निर्मान म्याचिङ | २७००० | नोपाल सरकारबाट | |
| १० | दर्पन गोरेटो बाटो निर्मान योजना | १२४२०० | आई .डि. ए. बाट | |
| ११ | भुतखखोला जौलिपोखरा पि.सि(.सि. गोरेटो बाटो निर्मान मचिङ | २७८००० | गाउँपालिकाबाट | |
| १२ | जम्मा | १२,५४,६००। | | |

पुर्बाधार गा.पा. बजेटसडक तर्फ आ.ब. २०८१।०८२

| | | |
|---|---|---|
| १ | कुरेली सिब्रि देखि मेरुल सिब्रि सम्म सडक निर्मान | ५,००,०००। |
| २ | तरान सिरगातने सडक निर्मान | १०,००,०००। |

| | | |
|---|---|---|
| ३ | पोखरा डाडा जोगिडाडा  सडक निर्मान | २,५०,०००। |
| ४ | इृन्द्मबाङ लिकेङ सडक निर्मान | ५,००,०००। |
| ५ | उपाबाङ झाकिखोला सडक निर्मान | १०,००,०००। |
| ६ | दर्पन गलसुका गलसुका दर्पन मोटरबाटो निर्मान | ८,००,०००। |
| ७ | जम्मा | ४०,५०,०००। |

गा.पा.बाट प्राप्त  बजेट आ.ब. २०८१।०८२ १नं वडा कुरेली

| | | | |
|---|---|---|---|
| १ | बालकल्यान आधारभुत बिधालय खा.पा. योजना | ५००००० | |
| २ | भुतखोला मेसिनरी वाल | १००००० | |
| ३ | लिकेङ खा.पा. मर्मत | ३००००० | |
| ४ | भैसिकाटे मुहान भुतखोला खा. पा. मर्मत | १००००० | |
| ५ | हाइमखोला तथा बगाउने खोला जिर्न झो. पु. हटाउने | २५०००० | |
| ६ | बगाउने खोला जलबिधुत मर्मत तथा सामग्रि खरिद | ३०३९८८ | |
| ७ | जनसेवा प्रा. बि . गोलखाडा भबन निर्मान | २२००००० | |
| ८ | सुरक्षित नागरिक आवास कार्यक्रम | २२५००० | |
| | जम्मा | ४,००९,९७६ । | |

आ.ब. ०८१।०८२ को हिउदे अबिधेसनबाट प्राप्त बजेट

| | | |
|---|---|---|
| १ | साराबाङ खा. पा . मर्मत | ५५००० |
| २ | खोलारु उपाबाङ खा.पा. मर्मत | २१५००० |
| ३ | डालिम गाउँघर क्लिनिक आमा समुह भबन घेरबार तथा मर्मत | ११५००० |
| ४ | दर्पन बालबिकास केन्द्र कक्षाकोठा पि.सि.सि. | ५०००० |
| | जम्मा रु | ४,३५,०००। |

प्रदेशबाट प्राप्त बजेट आ. ब. २०८१।८२ परिर्तन १ रोल्पा

| | | |
|---|---|---|
| १ | झाकृखोला चैतेलेक सिचाइ योजना | १०,००,०००। |
| २ | बालकल्यान आ.बि .जोगिडाडा पहिरो नियन्त्रन | ३०,००,०००। |
| ३ | भोटानेखङ तटबन्धन | २३,००,०००। |
| ४ | हात्तिजोर गोलखाडा तटबन्धन | ७,००,०००। |
| ५ | हरिततारा प्रा.बि लिकेङ घेरबार | १५,००,०००। |
| ६ | खरिबोट सेमपु धानबारा चैतेलेक बसति बिकास | ४०,००,०००। |
| ७ | घमेरि खा.पा. | १०,००,०००। |
| ८ | झाकृखोला खा.पा. | १०,००,०००। |
| ९ | कमेरे खा.पा. | १७,४६,०००। |
| १० | तिनखोला धान तरान सिचाइ आयोजना | १०,००,०००। |
| ११ | शहिद स्मृति बाल बिधालय पुर्बाधार निर्मान | १०,००,०००। |
| १२ | मा.बि. उपाबाङ पुर्बाधार निर्मान | १०,००,०००। |
| १३ | हरिततारत प्रा.बि लिकेङ घेरबार | ५,००,०००। |
| १४ | कुरेली ८ खा.पा. योजना | १७,००,०००। |
| | जम्मा | २,१४,४६,०००। |

आ.ब. ०८१।०८२ मा संघबाट प्राप्त बजेट

| | | |
|---|---|---|
| १ | गलकोट कुरेली जाय सातताले टु टु जोडने मोटर बाटो | १,००,००,०००। |
| २ | बालकल्यान मा.बि. उपाबाङ फिलड निर्माण | १०,०००,०००। |
| | जम्मा | २,००,००,००० । |

आ.ब.२०८१।०८२ को कुरेली १नं वडाको कुल जम्मा बजेट बिभिन्न शिर्षक अनुसार ।

| क.स. | शिर्षक | लागत रु |
|---|---|---|
| १ | १नं वडाको बजेट | ३१,७३,९७३। |
| २ | उरिबर्तन गा.पा. बाट प्राप्त बजेट | ८४,६३,९८८। |
| ३ | प्रदेशबाट प्राप्त बजेट | २,१४,४६,०००। |
| ४ | संघबाट प्राप्त बजेट | २,००,००,०००। |
| | जम्मा | ५,३०,८३,९६१। |

**गत आ.व.मा यस वडामा संचालन भएका योजना तथा कार्याक्रमहरु कार्यन्वयन गर्दा भएका चुनौति तथा सल्लाह सुझावहरु**

१.आ.व.वर्ष २०८१।०८२ मा यस वडावाट संचालन गरिरएका योजना तथा कार्याक्रमहरुको पारदर्शी रुपमा कार्य सम्पन्न गर्नका लागि यस वडाले आफ्नो कार्य व्यस्तताको कारणले योजना तथा कार्यक्रमहरुको अनुगमन गर्नु पर्नेमा अनुगमनमा केही कमी रहेको र आगामी आ.व.वर्षमा उक्त अभियानलाई निरन्त्रता दिने प्रतिवद्धता गर्दछ ।

२.योजना फरफारक गर्ने वेला योजनाका उ.स.ले केहि विलभरपाई तथा आवश्यक कागजात मिलाउनका लागि वडा कार्यालय बाट व्यवस्था मिलाएको अवस्थामा गा.पा.वाट फर्कनु नपर्ने रहेको देखिन्छ एकाट उ.स.हरु प्राविधिक र गा.पा.कार्यालय सँग समय नपुग्दा फर्कनु पर्ने समस्यालाई आगामी दिनमा उक्त समस्यालाई हलगर्ने गरि यस वडापालिकाले आवश्यक थप कार्ययोजना बनाउनु पर्ने देखिन्छ ,आगामी वर्षमा यसकुरालाई मध्यनजर गरि योजनाका उ.स.लाई वडा तथा गा.पा.वाट गोष्ठीको आयोजना भए पनि वर्षेनि योजनाका उपभोक्ता समिति फेरिने भएकाले

प्रत्येक वर्ष उपभोक्ता समितिहरुलाई गाउँपालिका बाट गोष्ठी आवश्यकता भएको देखि २०८१।०८२मा संचालन भएका योजनाहरु समयमै कार्य सम्पन्न भएका छन ।

४.योजना उपभोक्ताहरुको तर्फबाट योजना सम्झौता गरिसके पछि स्टीमेट  अनुसार नियमअनुसारको सुचना पाटी तयार गर्ने स्टामेट अनुसारको माल मेर्टियल तथा श्रमदान गर्नुपर्नेमा नेपाली भाषामा लेखि उपभोक्तालाई प्राविधिकले दिनु पर्ने आवश्यक देखिनछ । त्यसो गर्दा उपभोक्तालाई विलभरपाइ बनाउन सहजता पुग्ने देखिन्छ ।

५.नेपाल सरकारले लक्षित समूहलाई दिदै आएको विभिन्न प्रकारका सामाजिक सुरक्षा भत्ताहरु खादै आएको कुरा सर्वविदितै छ उक्त भत्ता रकम बैंक बाट सहज तरिकाले काम भएकोमा उत्साहित देखिएका छन । त्र

६.वडाका व्यक्तिगत घट्ना,राजश्व तथा सामाजिक सुरक्षा नबिकरन  दर्ता जस्ता कामकाजहरु अनलाईन बाट हुने भएकोले नेटको समस्या भई कामकाज गर्न केहि असहज भई रहेको हुँदा यो कुरालाई मध्यनजर गरि गाउँपालिका बाट वडाको नेट तथा सोलरमा सुधार गर्ने आबस्यक देखिन्छ ।

**<u>यस वडाले आगामी वर्ष २०८२।८३ मा गर्ने वडाका कामकाज,योजना तथा कार्याक्रमहरुको कार्ययोजनाहरु</u>**

१.यस वडाले आ.व.२०८२।०८३ को वजेत तथा कार्याक्रमहरु गा.पा.मा पेश गरि सकेकोले उक्त कार्याक्रम तथा योजनाहरु समयमै सम्पन्न गर्ने तयारी गर्ने छ ।

२.यस आ.व.मा कृषि प्रणालीमा जोड दिनका लागि साविकका टोलहरुमा लसुन,प्याज तथा आलु पकेट क्षेत्र स्थापना गरि सकेको हुनाले उक्त पकेट क्षेत्रलाई अझ सशक्त रुपमा अघि बढाई कृषकहरुले उत्पादन गरेको बस्तुहरुलाई विक्रीवितरण गर्न वडा गाउँपालिका हुँदै वजारको व्यवस्था मिलाउन गाउँपालिकाको कार्यालयलाइ प्रस्ताप पेश लागि अघि बढाईने छ ।

३.यस आ.व.मा पशुपन्छी शिर्षकमा पनि यस वडाले आवश्यक बजेट विनियोजित गरेकोले उक्त बजेट बाट पशुपन्छीमा हुने विभिन्न रोगहरुको पहिचान गरि पशुपन्छीहरुको निशुल्क उपचार तथा शिविर संचालन गरिनेछ ।

४.यस आ.व.मा संचालन हुने योजना तथा कार्याक्रमहरुको उ.स.गठन यहि भाद्र मसान्त सम्म गठन गरि सम्झौता प्रक्रिया अगाडी वढाइने छ ।

५.यस वर्ष संचालन हुने योजनाहरुको कार्यसम्पादन भई सके पछि वडाको अनुगमन समितिले अनुगमन गरि सके पछि मात्र अन्तिम किस्ता भुक्तानीका लागि सिफारिस गरिने छ ,काम सम्पन्न नहुदै फरफारकको सिफारिस माग्न आएमा उक्त योजनालाई सिफारिस दिईने छैन ।

६.समाज परिवर्तनका लागि यस वडाले चालेका विभिन्न अभियानहरु जस्तै – वालविवाह उन्मुलन,पूर्णसरसफाई उन्मुख वडा घोषणा कार्याक्रम,मदिरा नियन्त्रण जस्ता अभियानलाई निरन्तरता दिई अझै ठोस रुपमा कार्ययोजना वनाई अघि वढाईने छ ।

७.यस वडामा रहेका १३ वटै टोल विकास समितिका पदाधिकारीहरुको बैठकलाई समय अनुसार नियमित वस्न आह्वान गरि टोलमा भई रहेका समाज सुधारका अभियानलाई अझ सक्रिय रुपमा बढाउन पहल गरिने छ ।

९.यस वडामा आ.व.२०८१।०८२ यस वडामा पूर्ण संस्थागत सुत्केरी घोषणा कार्याक्रम सम्पन्न भईसकेको हुनाले उक्त कार्याक्रमलाई दिगोपनाका लागि निरन्तरता दिईने छ ।

१०. आगामि बर्षहरुमा बडाले गर्ने कार्यक्रमहरु दोस्रो चौमासिकको अन्त्यसम्म सम्पन्न गर्ने गरि कार्ययोजना बनाउने ।

परिवर्तन गाउँपालिका वडा नं. २ राङसीको आ.व.२०८१।०८२ को समिक्षा प्रतिवेदन





देश सघीय संरचनामा बदलिएपछी लुम्विनी प्रदेश रोल्पा जिल्ला परिवर्तन गाउँपालिका मा रहेको २ नं वडा साविकको राङसी गा.वि.स.हो । यसको जनसंख्या करिव ६ हजार रहेको छ । २ नं.वडाको कुल क्षेत्रफल ३०४५.९९हेक्टर रहेको छ ।

देश सघीय संरचनामा बदलिएपछी लुम्विनी प्रदेश रोल्पा जिल्ला परिवर्तन गाउँपालिका मा रहेको २ नं वडा साविकको राङसी गा.वि.स.हो । यसको जनसंख्या करिव ६ हजार रहेको छ । २ नं.वडाको कुल क्षेत्रफल ३०४५.९९हेक्टर रहेको छ ।

- कृषिमा आत्मनिर्भर वनाउनको लागी परम्परागत रुपमा लगाउदै आएको खाद्यन्न वाली मा रैथाने वालीहरु र नगदे वालीको विउ वितरणमा कृषि अनुदानका योजनाहरु संञ्चालन गरिएको छ । कृषिमा १२ महिना आत्मनिर्भर बनाउनकोलागि सिचाई पोखरी, लिप्तिङ, रिचार्ड पोखरीमा विशेष प्राथमिकता दिइएको छ ।
- राङसीको मुख्य सडक राङसी, भाबाङ, लिवाङ जोडने लोकमन हरिपर्खे सुनार मोटर बाटोलाइ स्तर उन्नतिको कामलाई विशेष प्राथमिकता दिई अन्य प्रत्येक टोल वस्तीहरुमा सडक सञ्जालहरु पुऱ्याउनको लागि वजेत विनियोजन गरि कार्यान्वन गरिएको छ ।
- सवै जनताहरुलाई स्वच्छ,सफा,गुणस्तरिय खानेपानीको पहुच कायम गर्नको लागी खानेपानीको मुहान मर्मत लगायत एक घर एक धाराको व्यवस्था गरिएको छ ।
- गुणस्तरिय शिक्षाको लागी विद्यालय अनुगमन कार्यक्रम,उत्कृष्ट विद्यार्थी , शिक्षक , अभिभावक पुरस्कृत कार्यक्रम, अभिभावक शिक्षा, शिक्षक पूर्णताजकिय कार्यक्रममा बजेट विनियोजन गरि शिक्षामा गुणस्तरियता कायम गर्न खोजिएको छ ।
- स्वस्थ र सुरक्षित जीवनको लागि स्वास्थ्यमा सवै जनताहरुको पहुच कायम गर्न सामुदायिक सचेतना कार्यक्रम, पुर्ण खोप घोषणा कार्यक्रम, विद्यालय पोषण साप्ताह कार्यक्रम, जेष्ठ नागरिक चेकजाच कार्यक्रम गरि सवैको पहुच कायम गरिएको छ ।
- परिवर्तन २ राङसीलाई खेलकुदका हरेक क्षेत्रमा उन्नति र प्रगति गर्न विशेष प्राथमिकता दिई खेलक्षेत्रका हरेक विद्यामा खेलाडि उत्पादन गर्न बजेट विनियोजन गरि कार्यान्वन गरिएको छ ।
- सामाजिक रुपान्तरणमा परिर्वतन गर्न वाल विवाह न्यूकरण कार्यक्रम, किशोर किशोरी रुपान्तरण कार्यक्रम, जेष्ठ नागरिक सम्मान कार्यक्रम, पूर्ण सरसफाई कार्यक्रमहरुमा बजेट विनियोजन गरिएको छ । परिर्वतन २ राङसीमा संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेटको योजनाहरु सबै कार्यावन्यन भएका छन । जसवाट परिवर्तन २ राङसी दिगो विकास, सुशासन, सामाजिक न्याय कायम गरि सम्वृद्ध राङसी वनाउन अग्रसर रहेको छ ।

आ.ब २०८१/८२मा संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित

- संघिय सरकार रु ३ करोड ८५ लाख
- प्रदेश सरकार रु ४ करोड ६१ लाख
- स्थानिय सरकार रु २ लाख ९७ हजार
- प्रधानमन्त्री रोजगार कार्यक्रम ८ लाख ०३ हजार ८सय

जम्मा ११ करोड ४६ लाख ८ सय

# आर्थिक विकास

## कृषि

स्थानिय सरकार रु ५० हजार

## पशु

स्थानिय सरकार रु ५० हजार

प्राथमिकता नगदे वाली कृषिमा लगानी गरि कृषक हरुको आयआर्जन सँगै आर्थिक आत्मनिर्भरता कायम गर्ने र पशु पक्षीहरुमा लाग्ने रोगहरुको न्यूनीकरण गर्ने ।

सामाजिक विकास

- ## स्वास्थ्य

स्थानिय सरकार १ लाख ५० हजार

प्राथमिकता सवै क्षैत्र र भूगोलका मानिसहरुलाई स्वास्थ्यमा पहुच सुनिश्चित गर्न जेष्ठ नागरिक चेकजाच,खोप कार्यक्रम, स्वास्थ्य सचेतना कार्यक्रक, व्रितिज गार्खाज नेपाल कादुरी द्धारा स्वास्थ्य शिविर सञ्चालन गरि स्वस्थ, मर्यादित, गुणस्तरिय र सुरक्षित जिवन कायम गर्न,

# शिक्षा

- स्थानिय सरकार रु २ लाख
- प्राथमिकता सबै क्षेत्र,वर्गहरुमा समान शिक्षाको पहुच कायम गरि शिक्षामा गुणस्तरियता अभिवृद्धि गर्न, शिक्षाको क्षमता विकास गर्नको लागि विद्यार्थी,शिक्षक र अभिभावक पुरस्कृत तथा शिक्षक प‘‘कर्णताजकिय तालिम गरि प्रतिस्प्रधात्मक व्यक्तिको विकास मार्फत शिक्षाको गुणस्तरियता कायम गर्न ।

## खानेपानी र सिचाई

स्थानिय सरकार रु ५ लाख

प्राथमिकता स्वस्थ्य, सुरक्षित, सफा र गुणस्तर खानेपानीको लागि राङसीबासीमा एक घर एक धाराको व्यवस्था गरि सबै जनताहरुमा खानेपानिको पहुच सुश्चित हुने गरि खानेपानीको अभाव हुन नदिन




खेलकुद

- स्थानिय सरकार रु १ लाख
- प्राथमिकता खेलकुदका हरेक क्षेत्रमा खेलादिहरु उत्पादन गरि परिवर्तन २ राङसीलाई परिवर्तनको अग्रस्थानमा राख्दै राष्ट्रिय स्तरमा खेलकुदकै क्षेत्रबाट राङसीको पहिचान कायम गर्न









पूर्वाधारविकास

मोटरबाटो

- संघिय सरकार    रु २ करोड ७० लाख
- प्राथमिकता    राङसी, भाबाङ, लिवाङ जोडने लोकमन हरिपर्खे सुनार शहिदमार्ग लाई १२ महिना यातायतका साधनहरु सञ्चालन गर्ने गरि मोटरबाटोको निमार्ण गरि जनताहरुलाई यात्रा गर्न, जीवन यापन गर्न सहज गराउने

- संघिय सरकार   रु ४५ लाख
- प्राथमिकता  युद्ध पर्यटन केन्द्र डाँडागाउ राङसीको महत्वपूर्ण पर्यटकिय प्रवद्धर्न भोकेको ठाँउ जहाँ युद्धको समयमा पुस्पकमल दहाल प्रचण्ड बसेको ठाउँलाई राष्ट्रिय रुपमै चिनाएर पर्यटनको प्रवद्धर्न गर्न

मोटरेबल  पुल

- प्रदेश सरकार    ३ करोड
- प्राथमिकता    माडिखोला सिस्ने र राङसी जाडने मोटरेबल पुल निमार्ण गरि मानिसहरु लाई यातायात गर्न असहज भएकोले यो पुल निमार्ण भएपछि यातायातका साधानहरु सञ्चालन गरि जनताको जीवन स्तरमा सुधार गर्न

भवन निमार्ण

- स्थानिय सरकार   रु ९ लाख
- प्राथमिकता    परिवर्तन २ राङसीको राल्बाङ शहिद स्मृति भवन निमार्णको लागि स्थानिय सरकार बाट ६ लाख बजेट विनियोजन गरि भवन निमार्ण गरियो । जननमूना टोल विकास संस्थाको भवन निमार्ण गर्नको लागि स्थानिय सरकार बाट ३ लाख बजेट विनियोजन भवन निमार्ण गरि सस्थाहरुको वैठक लगायत अन्य कामकाज गर्न सहज भएको छ ।

स्थानिय सरकार १करोड ४९ लाख

- प्राथमिकता स्वास्थ्य चौकी राङसीको भवन निमार्णधिन क्रममा रहेकोले भवन निमार्ण पछि स्वास्थ्यको सेवा प्रवाहमा सहजता आई सवैको पहुच हुने गरि गुणस्तरिय ,स्वस्थ, सुरक्षित सेवा प्रवाह कायम हुने
- प्रदेश सरकार २० लाख र स्थानिय सरकार १० लाख
- प्राथमिकता जीवन ज्योति प्रावि गोपेधाराको विद्यालय भवन निमार्णधिन क्रममा रहेकोले निमार्ण पछि विद्यालयको पठन पाठनमा विद्यार्थीहरुलाई सहजता आई शिक्षामा गुणस्तरियता कायम हुने

गोरेटोवाटो

- स्थानिय सरकार २ लाख ५० हजार
- प्राथमिकता गोरेटोवाटो निमार्ण वाट उक्त क्षेत्रका बासिन्दाहरुलाई विभिन्न समयमा आवत जावत गर्न सहज भई दैनिक जीवनयापन कार्यमा सहज भएको छ

- सिस्ने पोखरा मोटरबाटो स्तर उन्नती रु २५ लाख
- चप्का भनभने पाखावाङ पोखरा सडक स्तर उन्नती रु २० लाख
- अङिगलिखे भिर सडक स्तर उन्नती रु २० लाख
- रिम’ल लिप्त खानेपानि रु १० ल ाख
- चौर लिप्त खानेपानि रु ९ लाख
- जनसेवा नमूना मावि राङसी ट’वाइलेत निमार्ण रु १५ लाख
- बराह मन्दिर चौर रु १० लाख
- हिरिवन सिचाई पोखरी निमार्ण रु ७ लाख

## स्थानिय सरकार

- स्किम न १ खानेपानि योजना रु ४९ लाख
- गोपाल खोला तटबन्धन रु १० लाख
- चेवाङ रिवाङक’ना मोटरबाटो निमार्ण रु ४लाख
- तीन खोला रकेथाप्ला मोटरवाटो निमार्ण रु ४ लाख
- डाडाँगाउः निजवाङ मोटरवाटो निमार्ण रु ५ लाख
- ओवाङ पाखावाङ सडक रु ४लाख

**वडानं.३ थुनिकोटको आ.व.२०८१।०८२ को वार्षिक समिक्षा**

- चालु आ.व.२०८१/०८२ मा सम्पन्न विकाश निर्माण,सेवा प्रवाह,बजेट खर्च र प्रशासनिक कामहरुको समिक्षा गर्नु ।

- स्थानिय जनप्रतिनिधी तथा कर्मचारी, नागरिक समाज युवा महिला र सरोकारवाल विच प्रत्यक्ष छलफल र उत्तरदायित्व सुनिश्चित गर्नु ।
- आगामी बर्षको कार्ययोजना बनाउन सुझाव संकलन गर्नु ।

  - बालशिक्षा मा.वि.खानेपानी पाईप खरिद १,००,०००।-
  - पुय फिर्कुली साईखोला खानेपानी मर्मत १,२५,००० ।-
  - रिमखोला भिरपाटा पुर्णगाउँ खानेपानी मर्मत ५०,०००।-
  - किमुगैरा खानेपानी मर्मत ५००००।-
  - **जम्मा** **११,२५,०००।-**

- दलित बस्तिमा ड्रेस सिलाई
  १५,०००।-
- स्वास्थय चौकी केवरी स्टेचर खरिद
  ४०,००० ।-
- लालीगुराँस युवा क्लव
  १,००,०००।-
- दलित वस्तिमा छुवाछुत तथा विभेद अन्तय कार्यक्रम
  ५०,०००।-
- वडा अध्यक्ष तथा जनप्रतिनिधि जन्ता संग भेटघाट कार्यक्रम
  २,००,०००।-
- **जम्मा**
  **४,०५,०००।-**

## ४) बन बातावरण तथा विपद व्यवस्थापन

- बागमारा बजार फोहोर व्यवस्थापन ३०,०००।-
- रानीडेरा शिशुभवन कार्यालय व्यवस्थापन ५०,०००।-
- एकता टोल विकाशमा फोहोर व्यवस्थापन डस्बिन खरिद १,००,०००।-
- बागमारा सोलार लिफटिङ घेरबार तथा मर्मत ५०,०००।-

**जम्मा** **२,३०,०००।-**

५) संस्थागत विकाश सेवा प्रवाह तथा सुशासन तफ

- कार्यालय व्यवस्थापन तथा सामाग्री मर्मत १,५२,८५५।-
- सामुदायिक स्वास्थय ईकाई केन्द्र बागमारा कार्यालय व्यवस्थापन ४०,०००।-
- प्रहरी चौकी बागमारा २५,०००।-
- वडा स्तरिय मेलमिलाम केन्द्र ३०,०००।-
- खेलकुद प्रशिक्षण कार्यक्रम ५०,०००।-
- चारेढुङगा विद्यालय कम्प्युटर खरिद ५०,०००।-

**जम्मा** **३४७८५५**

# आ.व २०८०/०८१ माविनियोजित रकम (गा.पा.बाट)

- ३ नं. वड कार्यालय बाईक खरिद ३,००,०००।-
- पुर्णागाउँ थुनिकोट गोरेटो बाटो निर्माण तथा मर्मत ५०,०००।-
- हाईबाङ चचूहाले चारेढुङ्गा सडक निर्माण १०,००,०००।-
- ग्रामिण विद्युतिय उर्जा व्यवस्थापन समिती पोल खरिद३,००,०००।-
- पाखेपानी सिचाई आयोजना १,००,०००।-
- सुवाखोला सल्लिगैरा चर्चुहाले खा.पा. मर्मत १,५०,०००।-
- पुय फिर्कुली खानेपानी मर्मत १,५०,०००।-
- झिलिमसिम डाँडाँगाउँ खानेपानी योजना ३,००,०००।-

- पाननेटा ठुलिखोय खा.पा.योजना तथा मर्मत १,५०,०००।-

- महेडा ओखर देखि आडडाँडाँ खा.पा योजना तथा मर्मत १,५०,०००।-
- सुवाखोला खा.पा. मुहान संरक्षण /तल्लो नारखोरिया पाईप ५०,०००।-
- रपा खा.पा. टयाङकी निर्माण तथा योजना ३,००,०००।-
- बाहुनगारे तल्लो केवरी खा.पा. मर्मत १,५०,०००।-
- लुपा खा.पा. मर्मत ६०,०००।-
- राष्ट्रिय मा.वि. केवरी फिल्ड निर्माण २,००,०००।-

जनता मा.वि. बागमारा फिल्ड निर्माण ५,००,

- उपल्लो केवरी फिल्ड निर्माण १,५०,०००।-
- बालशिक्षा मा.वि.थुनिकोट फिल्ड तथा फर्निचर निर्माण ४,००,०००।-
- चुनबाङखोला स्वाराखेत आकासेखेत बगरखेत तटबन्ध निर्माण२०,००,०००।-
- दुईखोली फिल्ड निर्माण १,५०,०००।-
- जुयखोली तल्लोडेरा खा.पा. मर्मत तथा पाईप खरिद ९२,३८०।-
- कमिरेखोला धुपिबोट खा.पा. मर्मत २,००,०००।-
- बहुउद्देश्य कभडहल निर्माण १५,००,०००।-
- जनता मा.वि. बागमारा फर्निचर व्यवस्थापन १,००,०००।-

- बागेश्वरी प्रा.वि. चारेढुङ्गा दिवाखाजा भान्साघर (चमेना गृह) निर्माण २,३५,०००।-
- थानिबोट पुर्णगाउँ गारेटो बाटो निर्माण २,५०,०००।-
- रिमाखोला सिलाङबोट टयाङकी मर्मत ५०,०००।-
- थुनिकोट वडा कार्यालय घेरबार १५,००,०००।-
- बागमारा थुनिकोट केवरी सर्पलोटे गंगादेव गा.पा.जोडने सडक निर्माण (म्याचिङ) ३५,००,०००।-३५,००,०००।-

जम्मा रकम = १,४०,३७,३८०

**आ.व २०८०/०८१ माविनियोजित रकम (संघ र प्रदेश सरकार द्वारा)**

- बागमारा थुनिकोट केवरी सर्पलोटे गंगादेव गा.पा.जोडने सडक निर्माण ३५,००,०००।-
- जनता मा.वि बागमारा विद्यालय भवन निर्माण तथा रंगरोगन १०,००,०००।-
- सामुदायिक स्वास्थय ईकाई केन्द्र बागमारा भवन निर्माण १५,००,०००।-
- पुर्णगाउँ जुरढुङ्गा दहबाङ थुनिकोट सडक निर्माण २०,००,०००।-
- ईरिबाङ खानेपानी योजना (लिफटिङ) १२,००,०००।-
- जनता मा.वि बागमारा सौचालय निर्माण ९,००,०००।-

कोदो पकेट क्षेत्र तल्लो केवरी १,२६,०००

- चौमुखी कृर्षक समुह चुर्चुहालेमा बाख्रा पकेट क्षेत्र विकाश कार्यक्रम २,७५,०००
- सापमारे तिखाधुरी लिफटिङ योजना ३,००,०००
- दोदेरा रपाडाँडाँ लिफटिङ योजना ३,००,०००
- रा.मा.वि केवरी फर्निचर निर्माण(ब्रिटिस वयलफर) २,५०,०००
- परिवर्तन स्मृतिपार्क सौन्दर्यकरण योजना ४५,००,०००।-
- लालीगुराँस युवा क्लव फिल्ड निर्माण १२,००,०००।-
- दरेलीपाछ्राबाङखोला तटबन्ध निर्माण १५,००,०००।-
- चोलारंगाउने पाछ्राबाङ्गखोला सिचाई योजना ५,००,०००।-
- चोलारंगाउने पाछ्राबाङ्गखोला तटबन्ध निर्माण ५,००,०००।-
- सानीगाडखोला तटबन्ध १०,००,०००।-

**जम्मा संघ तथा प्रदेश सरकार बाट प्राप्त बजेट १,९६,५१,०**

## १)व्यक्तिगत घटना दर्ताको विवरण

| वडा नं. ३ | जन्मदर्ता | | | मृत्यु दर्ता | | | विबाह | बसाईसराई | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुप | महिला | जम्मा | पुरुष | महिला | जम्मा | जम्मा | आएको | गएको | [illegible] |
| जम्मा | ७२ | ७१ | १४३ | १५ | ७ | २२ | ५३ | १ | ८ | [illegible] |

# सामाजिक सुरक्षा भत्ता तर्फ

| क्र.स. | सामाजिक सुरक्षाभत्ताप्रकार | पुरुष | महिला | जमा संख्या |
|---|---|---|---|---|
| १. | **जेष्ठ नागरिक अन्य** | **७३** | **१०५** | **१७८** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | जेष्ठ नागरिक दलित | २२ | १९ | ४१ | | |
| ३. | विद्युवा/ | ५७ | | | ५७ | ७७ |
| ४. | जेष्ठ नागरिक एकल महिला | २० | | | २० | |
| ५. | पुर्ण अपाङ्गता ( क) वर्ग | ८ | २ | १० | | |
| ६. | अतिअ शक्तअपाङ्ग (ख)वर्ग | १४ | १२ | २६ | | |
| ७ | क्षेत्र तोकिएका बालवालिका | १२८ | १२५ | २५३ | ३५३ जना | |
| ८ | दलित बालबालिका | ५० | ५० | १०० | | |
| आ.व.२०८१ ।०८२ माभुक्तानी भएको जम्मा भक्ता रकम (७१० जना) | | | | | | |

आन्तरिक राजश्व तर्फः

भुमी तथा मालपोत-१,५२,७०७.१७ ।-
व्यक्तिगत घटना दस्तुर -४४,२०० ।-
अन्य सवै प्रकारका प्रशासनिक सेवा शुल्क २,७४,२८२.०५ ।-

**जम्मा राजश्व संकलन -४,२६,९८९.२२ ।**

## परिवर्तन गाउँपालिका वडा नं.४ पाछ्वावाङको आ.व.२०८१।०८२ को बार्षिक समिक्षा

- **आ.व.२०८१।०८२ मा यस परिवर्तन गाउँपालिका ४ नं.वडा पाछ्वावाङले संचालन गरेका योजना तथा कार्यक्रमहरुको समिक्षा गर्दा यस वडाले चालेका सामाजिक अभियानका कार्यहरु गर्दा देखिएका प्रगति,चुनौती र आगामी वर्ष ०८२।०८३ मा हुने कार्याक्रम तथा योजनाहरुको कार्यन्वयन तथा प्रगति वारेमा केही वुदाहरु तल प्रस्तुत गरिएको छ ।**

## यस वडाले समाज परिवर्तनका लागि चालेका विभिन्न अभियानहरुको प्रगति

- १.**महिला सचेतना मुलक कार्यक्रम सम्बन्धी यस वडाले यस वडामा रहेका १० वटा टोल विकास संस्थाहरुका पदाधिकारीहरु तथा अन्य महिला हरुलाई भेला बनाई २ दिने महिला सचेतना मुलक सम्बन्धी कार्यक्रम संचालन गरेको थियो । महिला सचेतना मुलक कार्यक्रमको मुख्य उद्देश्य नेपालका दुर दराजमा रहेका महिलाहरुलाई अगाडि उठाउनका निमित्त आफनो हक हित र अधिकारलाई सुनिश्चितता दिलाउन मुख्य भुमिका रहने छ । यस दुई दिनको कार्यक्रममा देशका कानुनी अधिकार लगायत महिला हकहित, अधिकारका विषयमा स्पष्ट पार्नु भएको थियो ।**




यस वडाले आ.व.२०८१।०८२ मा कृषि तथा पशुपन्छी शिर्षकमा बजेत विनियोजित गरेको थियो उक्त बजेट बाट यस वडाले यस वडा भित्र रहेका कृषकहरुलाई ५० प्रतिशत अनुदामा तरकारीहरुको विउविजन तथा विषादीहरु वितरण गरि यहाँ रहेका कृषकहरुलाई उत्पादनहरुमा वृद्धि ल्याउने प्रयास गरिएको छ। साथै पशुहरुका लागि निशुल्क पशुमा हुने विभिन्न प्रजन्न रोगहरुको पहिचाहन गरि यस वडाको लछरतासे र भेरिखर्क स्थानमा पशु शिविर संचालन गरि निशुल्क औषधी वितरण गरिएको थियो भने शिविरमा छुटेकाहरुका लागि यस वडा कार्यालय बाटै निशुल्क पशुहरुको औषधी वितरण गर्ने काम गरिएको थियो । जसबाट यस वडामा विभिन्न पशुपन्छीहरुको रोगहरुको पहिचान गरिएको थियो ।

४.यस वडाले आ.व.२०८१।०८२ मा विभिन्न लक्षित समूहहरुका लागि बजेत विनियोजित गरि तिनीहरुको जिवन स्तर माथि उठाउन प्रयास गरेको थियो जस अनुसार यस वडाले दलित महिला आय आर्जन कार्याक्रम अन्तर्गत यस वडामा रहेका दलित महिलाहरुलाई छनौट आय आर्जनका लागि उनीहरुका इच्छ्या अनुसार बाख्रा खरिद गरेका थिए। विभिन्न समयमा पशुपंक्षिका लागि यस वडामा सिविर संचालन गरिएको थियो ।




## सामाजिक सुरक्षा तर्फ :

- ५.आ.व.२०८१।०८२ सामाजिक सुरक्षा भत्ता खाने लक्षित समूहहरु अन्तर्गत उक्त आ.व.अन्य जेष्ठ नागरिक १० जना,जेष्ठ एकल महिला १ क्षेत्र तोकिएको बालबालिकाहरु ९२ जना, विद्युवा महिला ७ जना,दलित जेष्ठ नागरिक १२ जना दलित बालबालिका ११ जनाले नयाँ भत्ताका लागि निवेदन पेश गरि दर्ता गरि नयाँ भत्ता खादै आई रहेका छन भने आ.व.२०८१।०८२ मा जम्मा अन्य जेष्ठ नागरिक भत्ता खाने २७९ जना, दलित जेष्ठ नागरिक भत्ता खाने ४२ जना,एकल महिला भत्ता खाने २६ जना, विद्युवा भत्ता खाने ९७ जना,क्षेत्रतोकिएको बालवालिका भत्ता खाने ३९१ जना,दलित बालबालिका भत्ता खाने ५५ जना र अति अशक्त अपांग भत्ता खाने ३१ जना गरि जम्मा ९२१ जनाले गएको आ.व.मा भत्ता बुझिरहेका छन ।

| क्र.स. | राजश्व शिर्षक | संकलित रकम |
| --- | --- | --- |
| | | |

| | | |
|---|---|---|
| १. | मालपोत तथा भुमिकर वाफत | रु.३,१६,२०१.३६। |
| २. | स्तुर वाफत | रु.१,१३,१००। |
| ३. | व्यक्तिगत घट्ना दर्ता दस्तुर वाफत | रु.७७,३००। |
| ४. | नाता प्रमाणित दस्तुर वाफत | रु.१५,५००। |
| ५. | अन्य दस्तुर वाफत | रु.२४,२६२.१०। |
| **जम्मा** | | रु ५,४६,३६३.४६। |

६.आ.व.२०८१।०८२ मा ४ नं वडावाट संकलित राजश्व विवर

| **क्र.स.** | **राजश्व शिर्षक** | **संकलित रकम** |
|---|---|---|
| १. | मालपोत तथा भुमिकर वाफत | रु.३,१६,२०१.३६। |
| २. | सिफारिस दस्तुर वाफत | रु.१,१३,१००। |

| | | |
|---|---|---|
| **३.** | व्यक्तिगत घट्ना दर्ता दस्तुर वाफत | रु.७७,३००। |
| **४.** | नाता प्रमाणित दस्तुर वाफत | रु.१५,५००। |
| **५.** | अन्य दस्तुर वाफत | रु.२४,२६२.१०। |
| **जम्मा** | | रु ५,४६,३६३.४६। |